# लोक सेवा आयोग

## नेपाल न्याय सेवा अन्तर्गत न्याय, कानून र सरकारी वकील समूह, राजपत्रांकित तृतीय श्रेणी, शाखा अधिकृत वा सो सरह पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

मिति: २०८३/२/१०

समय: ३ घण्टा पूर्णाङ्क: १००

पत्र: प्रथम

विषय: शासन प्रणाली (Governance System)

तलका प्रश्नहरूको उत्तर Section अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ।

**Section – A** **30 Marks**

1. नेपालमा सङ्घीय शासन प्रणालीको प्रमुख उपलब्धी र चुनौतीहरूको लेखाजोखा गर्नुहोस्। यो प्रणालीमाथि आम नागरिकको विश्वास बढाउन विद्यमान राजनीतिक तथा प्रशासनिक संरचनामा गर्नुपर्ने आवश्यक सुधार सम्बन्धमा चर्चा गर्नुहोस्। 5+5=10

   Assess the major achievements and challenges of Nepal's federal system of governance. Discuss the reforms needed in the existing political and administrative structures to increase the trust of the general public in this system.

2. राष्ट्र र राज्यबीचको फरक उल्लेख गर्दै राज्य निर्माण प्रक्रियाबारे चर्चा गर्नुहोस् र सार्वभौम राज्य निर्माणमा नागरिकको भूमिकाको व्याख्या गर्नुहोस्। 3+3+4=10

   Mentioning, the difference between a Nation and a State, discuss about the process of Nation-Building, and describe the role of citizens to building a Sovereign State.

3. नेपालमा सूचनाको हक सम्बन्धी संवैधानिक र कानूनी व्यवस्थाबारे उल्लेख गर्नुहोस्। सुशासन कायम गर्न र भ्रष्टाचार न्यूनीकरण गर्न सूचनाको हकको प्रयोगको आवश्यकता र महत्व सम्बन्धमा प्रकाश पार्नुहोस्। 6+4=10

   Mention about the constitutional and legal arrangements related to the Right to information in Nepal. Highlight the need and importance of using the Right to information to maintain good governance and reduce corruption.

**Section – B** **20 Marks**

4. नेपालको संविधान अनुसार कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका सम्बन्धी मुख्य विशेषताहरू उल्लेख गर्नुहोस्। यी तीनबीच कसरी नियन्त्रण तथा सन्तुलन कायम हुन्छ जसबाट तिनीहरूले प्रभावकारीरूपमा कार्य सञ्चालन गर्दछन्? स्पष्ट पार्नुहोस्। 3+3+4=10

   Mention the key features of the Constitution of Nepal, about the Executive, Legislative and Judiciary system. How check and balance is maintained among these three so that these three function effectively? Clarify.

5. विगत केही वर्षयता नेपाली समाजमा सामाजिक अराजकता (Social Anarchy) बढेको छ। नेपालमा सामाजिक अराजकताका कारण र यसले पुऱ्याएको नोक्सानीको लेखाजोखा गर्नुहोस्। यो समस्यासँग जुध्नका लागि आवश्यक सामाजिक मूल्य र नागरिक चेतनाका उपायहरू उल्लेख गर्नुहोस्। 5+5=10

   Social anarchy has increased in Nepali society in recent years. Assess the causes of social anarchy in Nepal and the damage it has caused. Describe social values and civic awareness measure that are needed to combat this problem.

क्रमश:

**Section – C** **30 Marks**

6. "राजनीतिक तटस्थता भनेको निर्वाचित सरकारहरू प्रतिको वफादारी र संविधानप्रतिको निष्ठाबीचको सन्तुलन हो।" यो सन्तुलन कायम राख्न राष्ट्रसेवकहरूले के-कस्तो नैतिक द्विविधा सामना गर्नुपर्छ? चर्चा गर्नुहोस्। 10
"Political neutrality is a balance between loyalty to elected governments and integrity towards the constitutions." What kind of ethical dilemmas do civil servants face in maintaining this balance? Discuss.

7. सार्वजनिक नीति विश्लेषण किन आवश्यक हुन्छ? सार्वजनिक नीति तर्जुमा गर्दा अवलम्बन गर्नुपर्ने प्रक्रियाहरू उल्लेख गर्नुहोस्। 5+5=10
Why is public policy analysis necessary? Mention the processes that has to be followed in formulating public policy.

8. नेपालमा सार्वजनिक सेवा प्रवाहमा विद्युतीय शासन (e-governance) को अभ्यास कसरी भएको छ? चर्चा गर्नुहोस्। विद्युतीय शासनलाई प्रशासनिक काम कारवाहीको अभिन्न अङ्ग बनाउन आवश्यक सुधारका विषयहरूको पहिचान गर्नुहोस्। 5+5=10
Discuss how e-governance has been practiced in public service delivery in Nepal. Identify the improvements needed to make e-governance and integral part of administrative function.

**Section – D** **20 Marks**

9. सङ्घ, प्रदेश र स्थानीय तहको बजेट तथा कार्यक्रममा हुने गरेका खप्ट्याई (Overlapping) र दोहोरोपना (Duplication) ले ल्याएका समस्याहरू र यसका कारणहरूको पहिचान गर्दै यसको सम्बोधनका लागि समग्र सार्वजनिक वित्त प्रणालीमा आवश्यक वित्तीय नियमहरू (Fiscal rules) बारे उल्लेख गर्नुहोस्। 5+5=10
Identifying the problems and diagnose the causes of overlapping and duplication among federal, provincial and local budgets and programmes and state the fiscal rules needed within the overall public finance system to address them.

10. विकास योजनाको परिचय दिनुहोस्। नेपालमा तीन तहका सरकारहरूका विकास योजनाहरूबीच अन्तरसम्बन्ध किन आवश्यक हुन्छ? उल्लेख गर्दै विकास योजनासम्बन्धी विद्यमान व्यवस्था र अवस्था बारे प्रकाश पार्नुहोस्। 3+3+4=10
Introduce the development planning. Why is the interrelationship among the development plans of the three tiers of government in Nepal necessary? Highlight the existing provisions and current situation related to development planning.

<<समाप्त>>